# लोक सेवा आयोग
# दाङ कार्यालय
तुलसीपुर, दाङ

## नेपाली सेना सैन्य पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ३९/०८१-८२ मिति २०८१/११/१४ गते**

लोक सेवा आयोग, दाङ कार्यालय, तुलसीपुरले सञ्चालन गर्ने नेपाली सेनाको मिति २०८१/०७/३० गते प्रकाशित विज्ञापन नं. ०८१/८२/०२ (खुला तथा समावेशी), सैन्य पदका लागि **श्री नं. १९ बाहिनी अड्डा, तुलसीपुर व्यारेक, दाङमा** सञ्चालित वियरिङ्ग तथा प्रि-मेडिकल र शारीरिक परीक्षामा उत्तीर्ण भई छनौट भएका उम्मेदवारहरुको लिखित परीक्षा यस कार्यालयबाट आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रमअनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**उम्मेदवारहरुको बायोमेट्रिक हाजिरी समेत हुने भएकाले परीक्षा सुरु हुनुभन्दा कम्तिमा ३ (तीन) घण्टा अगावै सम्बन्धित परीक्षा केन्द्रमा पुग्नुपर्ने छ । परीक्षार्थीहरुले अनिवार्यरुपमा पालना गर्नुपर्ने अन्य विषयहरु द्रष्टव्यमा उल्लेख गरिएको छ ।**

**परीक्षा कार्यक्रम**

| विज्ञापन नं. | पद | विषय | परीक्षा प्रणाली | परीक्षा मिति र समय | अवधि |
|---|---|---|---|---|---|
| ०८१/८२/०२ (खुला तथा समावेशी) | सैन्य | अङ्ग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान | वस्तुगत र विषयगत | २०८१/१२/०२ गते बिहान ११:०० बजे | २ घण्टा ३० मिनेट |

**परीक्षा भवन**

| क्र. सं. | उम्मेदवारहरुको रोल नं. | | उम्मेदवारको सङ्ख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | MWG ०५ | MWG ४२१ | १५४ | श्री रासी बबई क्याम्पस, केन्द्र 'क', तुलसीपुर, दाङ । |
| २ | MWG ४२३ | MWG ११०५ | १५४ | श्री रासी बबई क्याम्पस, केन्द्र 'ख', तुलसीपुर, दाङ । |

**द्रष्टव्य :**

१. परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन।

२. **बस्तुगत बहुउत्तर (Multiple Choice)** प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी **ठूलो अक्षर (Capital Letter) मा A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

३. परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्ने छ । साथै, उत्तरपुस्तिकामा सिसाकलम प्रयोग गर्न पाइने छैन ।

४. परीक्षा हलभित्र कुनै पुस्तक, कागजात, झोला, क्याल्कुलेटर, मोबाइल फोन र स्मार्ट वाच लगायतका विद्युतीय उपकरणहरु ल्याउन पाइने छैन ।

५. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा प्रवेश-पत्रसँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटोसहितको कुनै परिचयपत्र अनिवार्यरूपमा साथमा लिई आउनुपर्ने छ।

| ................... | ....................... | ......................... |
|---|---|---|
| (राजकुमार श्रेष्ठ) | (पदमबहादुर खत्री) | (नारायणप्रसाद ज्ञवाली) |
| कम्प्युटर अपरेटर | नायब सुब्बा | कार्यालय प्रमुख |